# संघीय संसद

# प्रतिनिधि सभा

# कानून, न्याय तथा मानव अधिकार समिति

## विधायन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकसम्बन्धी प्रतिवेदन, २०८१

(समितिबाट पारित मितिः २०८१/०५/१९)

संघीय संसद सचिवालय

सिंहदरबार, काठमाडौं ।

**संघीय संसद**

**प्रतिनिधि सभा**

**कानून, न्याय तथा मानव अधिकार समिति**

**विधायन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकसम्बन्धी समितिको प्रतिवेदन, २०८१**

१. विधायन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक (यसपछि "विधेयक" भनिएको) सम्बन्धी राष्ट्रिय सभा, विधायन व्यवस्थापन समितिको प्रतिवेदनको बुँदा नं. १ को प्रस्तावनामा रहेका "जनसहभागिता अभिवृद्धि गर्न," भन्ने शब्दहरूपछि "सरोकारवालाको सहभागिता सुनिश्चित गर्न," भन्ने शब्दहरू थपी "विधायन निर्माण" भन्ने शब्दहरूको सट्टा "विधायन तर्जुमा" भन्ने शब्दहरू राख्ने।

२. विधेयकको दफा १ को उपदफा (१) मा रहेका "२०८०" भन्ने अङ्कहरूको सट्टा "२०८१" भन्ने अङ्कहरू राख्ने।

३. विधेयकको दफा २ को,-

(१) खण्ड (ज) मा रहेका "जारी हुने" भन्ने शब्दहरूको सट्टा "बनाइएको" भन्ने शब्द राख्ने।

(२) खण्ड (ड) मा रहेका "त्यस्तो संस्था स्थापना गर्ने कानूनले" भन्ने शब्दहरूको सट्टा "ऐनले" भन्ने शब्द राखी सोही खण्डमा रहेको "बनाउने" भन्ने शब्दको सट्टा "बनाएको" भन्ने शब्द राख्ने।

४. विधेयकको दफा ३ को,-

(१) उपदफा (३) पछि देहायको उपदफा (४) थपी त्यसपछिको उपदफाक्रम मिलाउनेः-

"(४) उपदफा (२) बमोजिमको वार्षिक कार्यतालिका बमोजिम विधेयकको मस्यौदा तर्जुमा गर्नु पर्नेछ ।"

(२)साविक उपदफा (४) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (५) मा रहेका "विधेयक तर्जुमा गर्नु परेमा" भन्ने शब्दहरूको सट्टा "विधेयकको मस्यौदा तर्जुमा गर्नु परेमा त्यसको उद्देश्य र कारण खुलाई विधेयकको मस्यौदा तर्जुमा गर्न" भन्ने शब्दहरू राख्ने।

५. विधेयकको दफा ६ को साविक उपदफा (३) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (२) मा रहेका "बढीमा तीस दिनसम्म" भन्ने शब्दहरूको सट्टा "सात दिनदेखि तीस दिनसम्म" भन्ने शब्दहरू राखी सो उपदफाको,-

(१) खण्ड (क) मा रहेका "विधेयक निर्माण" भन्ने शब्दहरूको सट्टा "विधेयक तर्जुमा" भन्ने शब्दहरू राख्ने।

(२) खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखी त्यसपछिको खण्डक्रम मिलाउनेः-

"(च) विधेयकको व्यवस्थाबाट जलवायु अनुकूलनमा पुग्ने सहयोग,"

६. विधेयकको दफा ११ मा रहेका "दफा १० बमोजिम" भन्ने शब्दहरू झिक्ने।

७. विधेयकको परिच्छेद-३ को परिच्छेद शीर्षकमा रहेका "विधायनको निर्माण" भन्ने शब्दहरूको सट्टा "विधायनको तर्जुमा" भन्ने शब्दहरू राख्ने।

८. विधेयकको दफा १३ को उपदफा (३) मा रहेका "कुनै पनि निकायले" भन्ने शब्दहरू झिक्ने।

९. विधेयकको दफा १४ को खण्ड (ग) मा रहेका "मनासिब समयभित्र" भन्ने शब्दहरूको सट्टा "सामान्यतया छ महिनाभित्र" भन्ने शब्दहरू राख्ने।

१०. विधेयकको दफा १८ को उपदफा (१) मा रहेका "मापदण्ड (नर्म्स)" भन्ने शब्दहरूको सट्टा "मापदण्ड, नर्म्स" भन्ने शब्दहरू राख्ने।

११. विधेयकको दफा २५ को,-

(१) उपदफा (२) मा रहेको "सामान्यतया" भन्ने शब्द झिक्ने।

(२) उपदफा (३) मा रहेका "कुनै निकायबाट" भन्ने शब्दहरूको सट्टा "संवैधानिक निकायबाट" भन्ने शब्दहरू राख्ने।

(३) उपदफा (४) मा रहेका "ऐन, अध्यादेश, गठन आदेश र नेपाल सरकारले जारी गर्ने नियमावली बाहेक" भन्ने शब्दहरूको सट्टा "उपदफा (३) बमोजिमका नियमावली वा गठन आदेश बाहेक" भन्ने शब्दहरू राख्ने।